## ♦ घटना दर्ता गर्दा ढिलाइ भए जरिवाना

घटना घटेको ३५ दिन भित्र दर्ता गराउँदा नि:शुल्क र त्यसपछि तोकिएको जरिवाना तिरी दर्ता गर्नुपर्दछ ।

## ♦ बैशाख महिनाको पहिलो साता विशेष अभियान

प्रत्येक वर्ष बैशाख महिनाको पहिलो साता संचालन हुने व्यक्तिगत घटना दर्ता सप्ताहमा सहभागी बनौं ।

## ♦ घटना दर्ताको अनलाईन निवेदन कसरी दिने ?

नागरिकले व्यक्तिगत घटना दर्ताको अनलाई आवेदन दिन राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको वेबसाईट https://donidcr.gov.np मा रहेको अनलाईन घटना दर्ताको निवेदन लिंकमा गई विवरण भरी प्राप्त टोकन नम्बर लिएर दर्ता शिविर वा सम्बन्धित वडा कार्यलयमा गई घटना दर्ता गर्न सकिनेछ ।






> “ बहुविवाह गर्नु गैरकानुनी कार्य हो ।
> तसर्थ बहुविवाह नगरौं, नगराऔं । ”






### गुनासो:

घटना दर्ता सम्बन्धी केही गुनासो भएमा आफ्नो वडा कार्यालय वा स्थानीय सरकारको केन्द्रमा निवेदन दिनुहोस् वा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको

**वेबसाइट:** https://gms.donidcr.gov.np/Grievance/PublicMain

**फेसबुक:** https://www.facebook.com/DepartmentofNationalI-DandCivilRegistration

**ट्विटर:** https://twitter.com/DoNIDCRNep

**इमेल:** info@donidcr.gov.np

**फोन:** ०१-४२०००१६ मा वा एप मार्फत समेत दर्ता गराउन सकिन्छ ।

> “ २० वर्षभन्दा कम उमेरमा विवाह गर्नु,
> गराउनु दण्डनिय अपराध हो । ”

> “ व्यक्तिगत घटना घटेको ३५ दिन भित्र स्थानीय वडामा
> घटना दर्ता गराउनु नागरिकको कर्तव्य हो । ”



# व्यक्तिगत घटना दर्ता

थप जानकारी लागि

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं
**हटलाइन नं.:** ०१-४२०००१६
**नि:शुल्क:** १६६० ०१९६६६६
**इमेल:** info@donidcr.gov.np
**वेबसाइट:** www.donidcr.gov.np

## ♦ व्यक्तिगत घटना दर्ता के हो ?

व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटना घटेमा स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा गई सूचना दिने, दर्ता गराउने र प्रमाण-पत्र लिने कार्यलाई व्यक्तिगत घटना दर्ता भनिन्छ ।

## ♦ व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र किन आवश्यक पर्दछ ?

व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र बालबालिकालाई विद्यालयमा भर्ना गर्न, नागरिकता बनाउन, नाबालक राष्ट्रिय परिचय-पत्र बनाउन, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न साथै राज्यबाट पाउने सेवा, सुविधा र हक स्थापनाका गर्न जरूरी पर्दछ ।

## ♦ व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?

आफ्नो स्थायी ठेगाना भएको वडामा तोकिएको सूचकले आवश्यक कागजात सहित घटना दर्ता गराउन सकिन्छ ।




## व्यक्तिगत घटना दर्तामा सूचक र संलग्न गर्नुपर्ने कागजपत्रबारे जानकारी

| घटना | सूचक | संलग्न गर्नुपर्ने कागजपत्र |
|---|---|---|
| **जन्म** | ➢ बाबु र आमा,<br>बाबु र आमा उपस्थित हुन नसकेमा बाबु वा आमा,<br>➢ बाबु वा आमा नभएको प्रमाणित भएमा बाबु तर्फको हजुरबुबा वा हजुरआमा वा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्ति | ➢ सूचकको सहिछाप सहितको सूचना फाराम,<br>➢ सूचकको नागरिकताको प्रमाणपत्र,<br>➢ स्वास्थ्य संस्थामा जन्म भएको भए जन्म प्रतिवेदन वा प्रमाण,<br>➢ घरमा जन्म भएको भए खोप लगाएको प्रमाण, |
| **विवाह** | ➢ पति र पत्नी दुवै जना | ➢ सूचकको सहिछाप सहितको सूचना फाराम,<br>➢ पतिको नागरिकता प्रमाणपत्र,<br>➢ पत्नीको नागरिकता प्रमाणपत्र (भएमा),<br>➢ पति पत्नीको २/२ प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
| **सम्बन्ध विच्छेद** | ➢ पति वा पत्नी | ➢ सूचकको सहिछाप सहितको सूचना फाराम,<br>➢ सूचकको नागरिकता प्रमाणपत्र,<br>➢ अदालतको निर्णय वा फैसलाको प्रतिलिपि, |
| **बसाई सराई** | ➢ बसाई सरी जाने परिवारको सदस्य मध्ये मुख्य व्यक्ति वा नभएमा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य | ➢ सूचकको सहिछाप सहितको लगत हस्तान्तरण फाराम<br>➢ सूचकको नागरिकता प्रमाणपत्र |
| | ➢ बसाई सरी आउने परिवारको सदस्य मध्ये मुख्य व्यक्ति वा नभएमा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य | ➢ सूचकको नागरिकताको प्रमाण पत्र<br>➢ लगत हस्तान्तरणको सक्कल फाराम |
| **मृत्यु** | ➢ बाबु वा आमा<br>पति वा पत्नी वा छोरा वा छोरी,<br>➢ उल्लेखित सूचक नभएको प्रमाणित भएमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्ति, | ➢ सूचकको सहिछाप सहितका सूचना फाराम,<br>➢ मृतकको नागरिकता प्रमाणपत्र वा जन्म दर्ता<br>➢ सूचकको नागरिकता प्रमाणपत्र,<br>➢ स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्यु प्रतिवेदन वा प्रमाण |